TRANSPARENCY INTERNATIONAL NEPAL
Coalition against corruption
ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल

www.tinepal.org | tinepal | जि.प्र.का. काठमाडौं दर्ता नं. ८७/०५३/०५४ समाज कल्याण परिषद् आ. नं. १४०११

P.O. Box 11486, Chakubaku Marg, New Baneshwor, Kathmandu, Nepal.
Tel: +977 1 4475062, 4475262, Fax: +977 1 4475112
E-mail: trans@tinepal.org

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

२५ वैशाख २०७९

# प्रेश वक्तव्य

## स्वतन्त्र र स्वच्छ मतदान सुनिश्चित गरौं; धम्की र लोभलालचको भर्त्सना गरौं ।

काठमाडौं : स्थानीय तहको निर्वाचन यही २०७९ वैशाख ३० गते सम्पन्न हुन गइरहेको सर्वविदितै छ । निर्वाचनको सन्दर्भमा हालसम्म उम्मेदवारी मनोनयन र उम्मेदवारी दर्ता कार्य समाप्त भई चुनाव प्रचार-प्रसारको कार्य जारी रहेको छ । राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरू आफूलाई भोट माग्न मतदातासमक्ष प्रस्तुत हुने क्रम सुरु भएको छ । दल तथा तिनका प्रतिनिधिद्वारा चुनावी आमसभा पनि सम्पन्न गरिँदै आएको छ ।

यसै परिप्रेक्ष्यमा हालै चुनाव प्रचार-प्रसार तथा भोट माग्न आमसभामा राजनीतिक दलका केही नेतृत्व वर्ग र उम्मेदवारहरूले धम्कीपूर्ण शैलीमा मतदातालाई तर्साउने, थर्काउने, लोभलालच र दवाबमा पार्न कोशिस गर्ने, अन्य उम्मेदवारलाई हदैसम्म निच देखाउन तुच्छता प्रदर्शन गर्ने गरेका भन्ने समाचारहरू सञ्चारमाध्यममा प्रेशित भएका छन् । यस्ता घटनाहरूप्रति यस संस्थाको गम्भीर ध्यानाकर्षण भएको छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल आसन्न निर्वाचन शान्त र भय-त्रासमुक्त वातावरणमा सम्पन्न हुन जरुरी छ भन्ने सर्वमान्य सिद्धान्तमा विश्वास गर्दछ । मतदाताले कुनै डर, लोभ वा गलत सूचनाबाट प्रभावित नभई स्वतन्त्ररुपमा आफूले चाहेको उम्मेदवारलाई मतदान गर्न पाउनु पर्दछ । जिम्मेवार व्यक्तिहरूबाट निर्वाचनको प्रत्येक चरणमा सही र निष्पक्ष सूचना नागरिकसमक्ष प्रवाह गरिनु पर्दछ । निर्वाचनको माध्यमबाट लोकतन्त्र सुदृढ गर्नका साथै राजनीतिक व्यवस्था र दलहरूप्रतिको आस्था कायम राख्न प्रत्येक मतदाताले स्वतन्त्ररुपमा आफ्नो स्थानीय सरकार प्रतिनिधि चुन्न पाउनु पर्दछ ।

तसर्थ, आफूलाई उपयुक्त लाग्ने, सक्षम र योग्य व्यक्तिलाई मात्र आफ्नो अमूल्य भोट दिई आफू र आफ्नो क्षेत्रको विकास सुनिश्चित गर्न ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल सम्पूर्ण मतदातालाई जोडदार आग्रह गर्दछ ।

पद्मिनी प्रधानाङ्ग
अध्यक्ष
**ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल**